प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२

# सोमप्रसाद मिश्र

## उम्मेदवार, भक्तपुर क्षेत्र नं १

नेकपा एमाले

**यसरी चिनौं**

### व्यक्तिगत विवरण

- **जन्म:** २०२० मंसिर ९, फुङ्लिङ नगरपालिका (साविक हाङदेवा गाविस), ताप्लेजुङ।
- **बसाई सराईः** २०४० सालमा घोडाघोडी नगरपालिका-१० (साविक पहलमानपुर गाविस), कैलाली।
- **स्थायी बसोबासः** २०४५ देखि चाँगुनारायण नगरपालिका-९ (साविक ताथली गाविस), भक्तपुर।

### शिक्षा

- **प्रारम्भिक :-** जनता निम्न माध्यामिक विद्यालय, हङ्देवा गाविस
- **माध्यमिक :-** मोती माध्यमिक विद्यालय, खोक्लिङ
- **प्रवीणता प्रमाणपत्र तह :-** पिपल्स क्याम्पस, काठमाडौँ
- **स्नातकोत्तर तह :-**
  समाजशास्त्र पाटन संयुक्त क्याम्पस, ललितपुर
  राजनीतिशास्त्र त्रिभुवन विश्वविद्यालय, (प्राइभेट)

### शिक्षण/प्राध्यापन

- २०६० साल देखि सामुदायिक माध्यमिक विद्यालयको स्थायी अंग्रेजी माध्यमिक शिक्षकको रुपमा ११ वर्ष
- निजी विद्यालयहरूमा १० वर्ष
- विभिन्न कलेज तथा कक्षा ११-१२ मा आंशिक शिक्षकको रुपमा निरन्तरता

### राजनीतिक संलग्नता

- २०३७ साल श्रावणमा साविक नेकपा मालेको सेल कमिटी सदस्यमा प्रवेश
- नेकपा माले हुँदै एमालेको गाउँ, इलाका, क्षेत्र, जिल्ला, अञ्चल हुँदै केन्द्रीय कमिटी सदस्य
- केन्द्रीय सदस्य नेकपा एमाले २०७० - २०८२
- नेकपा एमालेको तर्फबाट भक्तपुर लगायत विभिन्न जिल्लाहरूको इन्चार्जको जिम्मेवारी
- २०३९ सालमा पञ्चायत विरोधी आन्दोलनको सिलसिलामा गाउँ पञ्चायत कार्यालयमा आगो लगाएको झुटा अभियोगमा एक वर्ष जेलजीवन
- लोकतन्त्र र गणतन्त्र प्राप्तिका लागि गरिएका शान्तिपूर्ण जनआन्दोलनहरूमा दर्जनौं पटक हिरासत जीवन भोग्न बाध्य



### सार्वजनिक जिम्मेवारी

- स्वतन्त्र विद्यार्थी युनियन सचिव २०४३-४५ पिपल्स क्याम्पस
- जिल्ला विकास समिति भक्तपुर, सदस्य, २०५४-२०५९
- स्थानीय शान्ति समिति संयोजक २०६६/०६७ (१९ महिना) - (सो समयमा कार्टर सेन्टरले द्वन्दोत्तर समयको नियमित अनुगमन गर्दा देशका ७५ जिल्ला मध्ये भक्तपुर जिल्लाको स्थानीय शान्ति समितिको उत्कृष्ट कार्यसम्पादन रहेको वार्षिक प्रतिवेदन प्रस्तुत गरेको)
- नगर प्रमुख चाँगुनारायण नगरपालिका २०७४-२०७९

### लेखन

- शक्तिराष्ट्रका राजनीतिक दलहरू तुलनात्मक अध्ययन २०८२
- समसामयिक विषयहरूमा विभिन्न सञ्चार माध्यमहरुमा लेख तथा स्तम्भहरू
- महाशक्ति राष्ट्रहरुको राजनैतिक दल

### चाँगुनारायण नगरपालिकाको नेतृत्व (२०७४-२०७९) मा रहँदा गरिएका मुख्य प्रयासहरू

- १४ हजार मध्ये १२ हजार घरधुरीमा " एक घर एक धारा" पूरा भएको ।
- ४२ की.मी सडक कालोपत्रे भएको नगरपालिकाको स्रोत बाट मात्रै
- सामुदायिक स्कूलका ४५ वटा नयाँ भवनहरू बनेको
- " एक वडा एक स्वस्थ्य चौकी " कार्यक्रम सम्पन्न
- " एक वडा एक एम्बुलेन्स "
- " बचत खाता छोरीको सुरक्षा जीवन भरीको" लोकप्रिय कार्यक्रम
- मेयर उद्यमशीलता विकास कार्यक्रम मार्फत १७८ युवाहरुलाई उद्दमशिलताको लागि बिना धितो बिना ऋण जना लाभान्वित
- नगरपालिकाको प्रशासनिक भवन, २ वटा वडा कार्यालय, विभिन्न स्वास्थ्य चौकी भवनहरू, ८ वटा कर्भड हल तथा आधा दर्जन बढी सामुदायिक भवनहरु
- “चाँगुनारायणको वन, स्थानियकै लागी उपयोगी धन” कार्यक्रम अन्तर्गत सामुदायिक वनमा बहुमूल्य जडीबुटी तथा फलफुल वृक्षारोपण गर्ने जसले रोप्यो हेर्‍यो गर्‍यो उसैले आम्दानी प्राप्त गर्ने व्यवस्था
- सूचना प्रविधि :- अत्याधुनिक ड्रोन प्रयोग गरी जिपिएस लोकेसन सहितको Metric Addressing सहित घर नम्बरिङको काम ९५% सम्पन्न भएको ( जुन नेपालमै पहिलो पटक)
- Automatic Tourist Guide App निर्माण
- उपत्यकामै पहिलो र हालसम्म एकमात्र " बाल मैत्री नगर " घोषणा गरिएको
- पर्यटक पदमार्ग एउटा पाँच किलोमिटर र अर्को ७ किलोमिटर निर्माण गरिएको
- पर्यटकहरूलाई आकर्षित गर्न बोजिनी ड्याम, भ्यु टावरमा अत्याधुनिक शौचालय , शान्ति पार्क , झोलुङ्गे पुल र नगरकोट क्षेत्रमा अवैध रुपमा निर्माण/सञ्चालनमा रहेका २०५ वटा घर/टहरा हटाई भट्टेडाँडा चोकमा जनजाति संग्राहलय र चोकलाई आकर्षक सौन्दरीकरण गर्न सुरु गरिएको
- निजी क्षेत्रलाई प्रोत्साहन र सहजीकरण गरी एसियाकै दोस्रो लामो जीप लाईन निर्माण भएको
- चाँगुनारायण भित्र विभिन्न सामुदायिक होमस्टे (घरबास) संचालनमा सहजिकरण र सहयोग

### मेरा संकल्पहरु

- युवाहरूमा देखिएको असन्तुष्टि शासन प्रणालीमा पारदर्शिता, उत्तरदायित्व र जनप्रतिनिधिको निरन्तर मूल्याङ्कनको माग हो भन्ने मान्यताका साथ लोकतन्त्रलाई जवाफदेही बनाउने संसद्मा सक्रिया भूमिका निर्वाह गरिनेछ ।
- सांसद निर्वाचित भएपछि छुट्टै डिजिटल पोर्टल (हाम्रो सांसद) नामक प्रणाली विकास गरी सो मार्फत संसदमा उठाइएका विषय, उपस्थिति विवरण, प्रश्न, संशोधन प्रस्ताव, लबिङ जस्ता गतिविधि तथा कार्यसम्पादन सार्वजनिक गरिनेछ जसले गर्दा मतदाताले आफ्ना प्रतिनिधिको भूमिका नजिकबाट हेर्न छन्।
- हाम्रो सांसद प्रणाली मार्फत संसदमा पेश हुने महत्वपूर्ण विधेयक, नीति तथा कार्यक्रम र नीतिगत प्रस्ताव पेश हुने बित्तिकै नागरिकबाट सभ्य, रचनात्मक र औपचारिक रुपमा सुझाव संकलन गर्ने र सो अनुसार जनसहभागिता मूलक कानुन निर्माण प्रणाली स्थापना गरिनेछ ।
- महिला, युवा, ज्येष्ठ नागरिक, किसान र सीमान्तकृत समुदायका मुद्दालाई प्राथमिकतामा राख्दै मासिक वा त्रैमासिक सार्वजनिक प्रतिवेदनमार्फत निरन्तर जवाफदेहिता सुनिश्चित गरिनेछ ।
- भक्तपुरका सांस्कृतिक सम्पदा, परम्परा र प्राकृतिक स्रोतहरूको संरक्षण तथा प्रवर्द्धन गर्दै पर्यटनलाई स्थानीय समृद्धिको मुख्य आधार बनाउने नीति पहल गरिनेछ ।
- समुदाय–आधारित पर्यटन, ग्रामीण पर्यटन, Heritage Circuit, प्राकृतिक पदमार्ग, होमस्टे तथा स्थानीय उद्यम प्रवर्द्धनका लागि आवश्यक कानुनी वातावरण निर्माण पहल गरिनेछ ।
- पर्यटनलाई रोजगारी, सीप विकास र आय वृद्धिसँग जोडेर रैथाने उत्पादन, हस्तकला, कृषि र सेवा क्षेत्रलाई सुदृढ बनाउने दिगो आर्थिक दृष्टिकोण निर्माण गरिनेछ ।
- ख्वप कलेजलाई कला, संस्कृति, इतिहास तथा प्राविधिक शिक्षाको विशिष्ट केन्द्रका रूपमा स्थापना गर्न अन्य दलहरुको सहयोग सहित ख्वप सांस्कृतिक विश्वविद्यालय स्थापनार्थ ऐन निर्माणमा पहल गरिनेछ ।
- नेपाल इन्जिनियरिङ कलेजको संस्थागत सुधार तथा नवीनतम प्राविधिक कार्यक्रम सञ्चालनका लागि संस्थागत व्यवस्था गरिनेछ ।
- सूचना प्रविधि ऐन २०६३ लाई समयसापेक्ष संशोधन गर्दै डिजिटल अर्थतन्त्र, साइबर सुरक्षा र डेटा संरक्षणलाई सुदृढ गर्ने तथा युवालाई डिजिटल सीप, स्टार्टअप र प्रविधिमा आधारित उद्यमशीलतामा प्रोत्साहन हुने नीति तथा कार्यक्रमको लागि पैरवी गरिनेछ ।
- चाँगुनारायणमा बिर अस्पताल विस्तार, शहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रको निर्माण कार्य अगाडि बढाउन र भक्तपुर अस्पताल, भक्तपुर क्यान्सर अस्पताल एवं शहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रलाई समयेलित गरि भक्तपुर स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गर्न पहल गरिनेछ ।
- सार्वजनिक खरिद ऐन २०६३, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६, निजामति ऐन २०४९, सुशासन ऐन २०६४ लगायत कानुनहरू समयसापेक्ष संशोधन गर्दै विकास निर्माणको ढिलासुस्ती अन्त्य गर्न, सेवा प्रवाह सहज बनाउन पहल गरिनेछ ।
- चाँगुनारायण नगरपालिकाको केही भाग र सम्पूर्ण भक्तपुर नगरपालिकाको खानेपानीको आभाव पूर्ति गर्न, जलबिद्युत निकाल्न र जल पर्यटनलाई अगाडी बढाउन मुहान पोखरी र महादेव खोला जलाशययुक्त खानेपानी परियोजना अघि बढाईनेछ ।
- स्थानीय सरकार तथा प्रदेश सरकारको कार्यक्षेत्र भित्र रहेको भौतिक पूर्वाधार (सडक, यातायात, खानेपानी, सिंचाई, भवन, खेल मैदान लगायत ) र सेवा तथा व्यवसाय (शिक्षा, स्वास्थ्य कृषि, संचार, पशुपक्षी, युवा तथा खेलकुद, ज्येष्ठ नागरिक, महिला तथा बालबालिका, विपद व्यवस्थापन, वन तथा वातावरण, सूचना प्रविधि, भूमि समस्या, अंपागता तथा पिछडा वर्गको उत्थान लगायत) कार्यमा संघिय सरकारको सहयोग र सहजिकरण लागि पहल गरिनेछ ।

यी तपाईं हामीले देखिरहेका सपना र आकांक्षाहरु हुन । यिनलाई पूरा गर्ने कुरामा म प्रतिबद्ध छु । **यो पत्र साथमा राख्नुहोला यसैका आधारमा तपाइले मलाइ प्रश्न गर्न सक्नुहुनेछ ।**

मेरा बारेमा थप बुझ्न sommishra.com.np मा जानुहोला ।

सम्पर्क: **9851-001744**

**सूर्य चिन्हमा मतदान गरि अत्यधिक बहुमतले बिजयी गराँऊ ।।**

सम्पर्कको लागि क्यू आर (QR) स्क्यान गर्नुहोस् ।